## सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७२ पुस १७ मा वसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ३५ औं बैठकले लिएका निर्णयहरु

१. भवन निर्माण विभागबाट हुने सरकारी भवन निर्माण तथा मर्मत संभारका लागि अख्तियारी उक्त विभागमा पठाउँदा निर्माणसम्बन्धी ठेक्का खरिद प्रक्रिया, डिजाइन, इष्टिमेट आदि कार्यमा सजीलो हुने भएकाले यसरी अख्तियारी प्राप्त गर्ने सम्बन्धमा शहरी विकास मन्त्रालयले त्यस्ता निकायहरुसँग समन्वय गर्ने ।

२. बहुवर्षीय आयोजनाहरुको ठेक्का व्यवस्थापनका लागि स्पष्ट नीति तथा मापदण्ड नभएकोले कार्यान्वयनमा समस्या देखापरेको हुँदा राष्ट्रिय योजना आयोगले मन्त्रालयहरुसँग समन्वय गरी २ महिनाभित्र यस्तो मापदण्ड सहितको निर्देशिका प्रस्ताव गर्ने ।

३. सार्वजनिक निर्माणसँग सम्बद्ध ठेक्का कार्यको भुक्तानीमा अनावश्यक ढिलाई गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी सार्वजनिक निर्माणको भुक्तानी नियमित र नियन्त्रण गर्न विद्यमान कानुनमा संशोधन गर्ने वा विशेष कानूनको निर्माण गर्नुपर्ने हो अर्थ मन्त्रालयले ३ महिनाभित्र प्रस्ताव सहित अघि बढाउने ।

४. पहिचान गरिएका सम्भाव्य जलाशययुक्त जलविद्युत आयोजनाहरुलाई सडक लगायत अन्य विकास निर्माण तथा अव्यवस्थित बसोबासबाट अतिक्रमण हुन नदिन बस्ती विकास लगायत पूर्वाधार निर्माण गर्दा सम्बद्ध निकायबीच सूचना आदान-प्रदानलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नेतर्फ व्यवस्थित प्रणालीको विकास गरिनुपर्ने भएकाले उर्जा मन्त्रालयले यससम्बन्धी कार्यविधि २ महिनाभित्र तयार गर्ने ।

५. विभिन्न मन्त्रालयअन्तर्गत स्थानीय कार्यान्वयन तहमा विभिन्न पदहरु रिक्त रहँदा आयोजना कार्यान्वयन र सेवा प्रवाहमा समस्या परेकाले देहायवमोजिम व्यवस्था गर्ने । (भौतिक पूर्वाधार तथा यातायात, सहकारी तथा गरिवी निवारण, कृषि विकास, संघीय मामिला तथा स्थानीय विकास, स्वास्थ्य)

(क) रिक्त पदहरु पूर्ति गर्नका लागि १५ दिनभित्र लोक सेवा आयोगमा माग पठाउने ।

(ख) केन्द्रबाट वा अन्य काम भएका निकायहरुबाट स्थानीय कार्यान्वयन तहमा काजमा कर्मचारीहरु खटाई कार्य संचालन गराउने ।

(ग) यसका निमित्त आबश्यक परेमा सामान्य प्रशासन मन्त्रालयबाट लोक सेवा आयोगलाई विशेष अनुरोध गर्ने ।

६. धेरै सरकारी अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुको भवन निर्माण अधूरै रहेको पाइएकाले निर्माणाधीन स्वास्थ्य संस्थाहरुको संख्या, भवन निर्माण रोकिएको संख्या, निर्माण रोकिनुका कारणहरु र निर्माण व्यवसायीहरुलाई कार्वाही गरिएको भए सोको विवरण सहित सो निर्माण सम्पन्न गर्न आवश्यक रकम सम्बन्धमा शहरी विकास मन्त्रालय समेतको सहयोग लिई स्वास्थ्य मन्त्रालयले १ महिनाभित्र अध्ययन गर्ने ।

७. बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सीप सदुपयोग गराउन नसकिएकाले यस सम्बन्धमा श्रम तथा रोजगार मन्त्रालयले देहायवमोजिम व्यवस्था गर्ने:

(क) श्रम तथा रोजगार मन्त्रालय र गृह मन्त्रालयले यस सम्बन्धमा समन्वय गरी त्रिभुवन विमानस्थलको आगमन कक्षमा अभिलेख राख्ने व्यवस्था तुरुन्तै प्रारम्भ गर्ने ।
(ख) यस्ता व्यक्तिहरुलाई उनीहरुको इच्छा अनुसार आँफै व्यवसाय गर्न वा अन्य तरिकाबाट उनीहरुको क्षमता तथा सीपको सदुपयोग गर्न वजार पहूँचको व्यवस्था मिलाइदिने ।

८. कतिपय विद्यालयमा विद्यार्थी संख्या अत्यन्त कम भएकाले विद्यालय गाभ्ने नीति अनुरुप भूकम्प प्रभावित क्षेत्रमा भत्किएका विद्यालय भवनहरु बनाउँदा वा नयाँ वस्तीको विकास गर्दा यसरी विद्यालय गाभ्ने विषयलाई पुनःनिर्माण प्राधिकरणसँग समेत समन्वय गरी शिक्षा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

९.वन क्षेत्रभित्र पर्ने रुख नभएका मानव वस्तीयोग्य वनक्षेत्रमा वस्ती वसाउने र वस्ती वसाउन जोखिमयुक्त देखिएका गैरवन क्षेत्रलाई वनक्षेत्रका रुपमा कायम गर्ने नीति लिई यो कार्य भूकम्प प्रभावित क्षेत्रको पुनःनिर्माण गर्दादेखि नै कार्यान्वयनमा ल्याउने ।

१०. मन्त्रालयहरुबाट कतिपय आयोजनाको अख्तियारी समयमा नजाँदा कार्यान्वयनमा ढीलाइ हुने गरेको पाइएकाले सबै विकास आयोजना तथा कार्यालयहरुको अख्तियारी साउन १५ गतेभित्रै अनिवार्य रुपमा पठाउने । चालू आ.ब. का हकमा यस्तो कुनै अख्तियारी दिन बाँकी भएको भए ३ दिनभित्र अनिवार्य रुपमा सम्बद्ध कार्यान्वयन निकायलाई अख्तियारी प्रदान गर्ने ।

११. बैदेशिक सहायता रकमको निकासा लिनुपर्ने आयोजनाले विकासका साझेदारहरुलाई पेश गर्नुपर्ने विवरणहरु समयमा बुझाउने, उनीहरुसँग गरिएका सम्झौता अनुरुपको तयारी पूरा गर्ने र बार्षिक रुपमा Nepal Portfolio Performance Review Meeting मा लिइएका निर्णय अनुरुप काम गर्ने ब्यवस्था सम्बद्ध मन्त्रालयले मिलाई समयमा निकासा लिनुपर्ने ।

१२. कतिपय निकायहरुको कार्यक्रममा धेरै निकायबाट स्वीकृती लिनुपर्ने भएकाले ढीलाइ हुने गरेको हुँदा राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय र सम्बद्ध मन्त्रालयहरुसँग छलफल गरी एक महिनाभित्र प्रक्रियाको सरलीकरण गर्ने ।

१३. आबश्यक कानुनका अभावमा भूउपयोग नीति कार्यान्वयनमा आउन नसकेको सन्दर्भलाई मनन गरी मस्यौदा भइसकेको भूउपयोग विधेयकलाई आबश्यक प्रक्रिया पूरा गराई भूमिसुधार तथा व्यवस्था मन्त्रालयले ब्यबस्थापिका संसदमा दर्ता गराउने ।

१४. आयोजनाहरुका लागि वालुवा, गिट्टि जस्ता निर्माण सामग्रीको अभाव रहेको, कतिपय नदीहरुमा यस्ता सामग्रीहरु थुप्रिएर र अन्य कतिपय स्थानमा यस्ता सामग्रीको अत्यधिक दोहन हुँदा निर्मित संरचना र वस्ती जोखिममा रहेको सन्दर्भमा राष्ट्रिय योजना आयोगको

नदी नियन्त्रण सम्बन्धी कार्य हेर्ने माननीय सदस्यको संयोजकत्वमा सिंचाइ, जनसंख्या तथा वातावरण, वन तथा भूसंरक्षण र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवहरु रहेको कार्यदलले एक महिनाभित्र अध्ययन गरी सुझाव पेश गर्ने ।

१५. बृहत किसिमका जलविद्युत आयोजनाहरुलाई व्यावसायिक सिद्धान्त अनुसार कम्पनी ऐन अनुसार चलाउँदा स्थानीय पूँजी परिचालन र बाह्य स्रोतको खोजी समेत गर्न सजीलो हुने भएकाले उर्जा मन्त्रालयले यस वमोजिम गर्नेगरी आवश्यक व्यवस्था मिलाउने ।

१६. विकास आयोजनाहरुका लागि आबश्यक ढुंगागिट्टि तथा वालुवा जस्ता निर्माण सामग्रीहरु राष्ट्रिय निकुन्ज, चुरेक्षेत्र, वन क्षेत्र र स्थानीय स्वायत्त शासन ऐन वमोजिम स्थानीय निकायले ठेक्का लगाई निकाल्ने क्षेत्रबाट आयोजनाहरुले निकाल्न नपाउँदा निर्माण सामग्रीको अभाव रहेको र यसले अनावश्यक रुपमा खर्च पनि बढाइरहेको स्थिति रहेकोले आयोजनाले आफ्नै खर्चमा यस्ता सामग्रीहरु निकाल्न पाउने ब्यबस्था गर्न के गर्न सकिन्छ नेपाल सरकारका मुख्य सचिवले सम्वद्ध मन्त्रालयका सचिवहरु र अन्य निकायका पदाधिकारीहरुसँग समन्वय गरी सुझाव पेश गर्ने ।

१७. स्रोत साधन सहित नगरपालिकाहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत रहेका र शहरी विकाससम्बन्धी विशेषज्ञ जनशक्ति शहरी विकास मन्त्रालयमा रहेकाले समन्वयमा समस्या रहेको हुँदा यसमा के गर्न सकिन्छ दुइवटै मन्त्रालयले आपसमा छलफल गरी अर्को बैठकमा सुझाव पेश गर्ने ।

१८. भवन विभागबाट बनाउनुपर्ने सरकारी भवनहरुका लागि आबश्यक वजेट नहुँदा कतिपय भवनहरु अधूरो रहने गरेकाले वजेट छलफलकै क्रममा अर्को आ.ब. का लागि आवश्यक रकम कार्ययोजना सहित पेश गरी साधन सुनिश्चित गराउन शहरी विकास मन्त्रालयले समन्वय गर्ने ।